# महाकाली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

खलंगा दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्याः २०७७।०७८ मितिः २०७७।०६।१३
च. न.

विषयः विद्यार्थी सिकाइ सहजीकरण सम्बन्धमा।

श्री नगरपालिका स्थित सम्पूर्ण विद्यालयहरु
महाकाली नगरपालिका दार्चुला।

उपरोक्त विषयमा तहाँ विद्यालयहरुलाई नेपाल सरकारबाट मिति २०७७।०५।१९ मा जारी भएको विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ को दफा ५ बमोजिमका कार्यक्रमहरुमध्ये उपयुक्त विकल्प अभिभावकहरुसंग छलफलको आधारमा छनौट गरी कार्ययोजना पेश गर्ने सम्बन्धमा गरिएको सूचना अनुसार सबै विद्यालयहरु एवं विद्यार्थी वैकल्पिक माध्यम (टि भि, रेडियो, अनलाइन कक्षा आदि) को पहुचबाट टाढा रहेको हुदा विद्यालयमा सिकाइ केन्द्र रहने गरी सिकाइ सहजीकरण कार्यक्रम संचालन गर्ने कार्ययोजना पेश हुन आएकोले सोही अनुसार तपसिल बमोजिम सिकाइ सहजीकरण कार्यक्रम संचालन गर्न हुन अनुरोध छ।

नर सिंह बडाल
निमित्त प्रमुख प्रशासकीय अधिकृत

तपसिल

१. विद्यार्थीको कक्षागत रुपमा जोर विजोर प्रणाली अनुसार एक समूहमा २५ जना भन्दा बढी विद्यार्थी सहभागी हुन नपाउने गरी विद्यार्थी संख्याको अनुपातमा आवश्यक समूह गठन गरी संचालन गर्ने गराउने
२. प्रत्येक विद्यालयलाई विद्यार्थी संख्याको आधारमा नगरपालिकाबाट मास्क उपलब्ध गराइने
३. विद्यार्थी शिक्षक विद्यालयको मुख्य गेटबाट प्रवेश गर्दा मुख्य गेटमा नै साबुन पानीले राम्ररी हात धोएर प्रवेश गर्ने वा गुणस्तरीय सेनिटाइजरको प्रयोग गर्ने गराउने व्यवस्था सम्बन्धित विद्यालयले गर्ने गराउने
४. विद्यालयले विद्यार्थीहरुको बसाइ व्यवस्थापन गर्दा एक विद्यार्थी देखि अर्को विद्यार्थी बीचको दूरी स्वास्थ्य सुरक्षा मापदण्डले तोके बमोजिम हुनुपर्ने
५. एक सिफ्टमा बढीमा २०० जनाभन्दा बढी विद्यार्थी उपस्थित हुन नपाउने गरी कक्षागत रुपमा सहजीकरण गर्ने व्यवस्था मिलाउने
६. विद्यालयले विद्यार्थी समूह गठन गरी विभाजन गर्दा सकभर एक समूहमा एक वस्ती, टोल वा गाउँ मिलाइ गठन गर्ने गराउने
७. विद्यार्थी संख्या बढी भएका विद्यालयहरुले कक्षागत रुपमा २/३ वटा समूह बनाई सिफ्टगत (विहान,दिउसो र बेलुका) रुपमा संचालन गर्नु पर्ने
८. नगरपालिकाले तोकेको शिक्षक, अभिभावक र विद्यार्थी आचार संहिताको अनिवार्य रुपमा पालना गर्ने गराउने।

बोधार्थ

श्री जिल्ला प्रशासन कार्यालय दार्चुलाः जानकारीका लागि अनुरोध छ।
श्री सूचना प्रविधि शाखाः सूचना अपलोड गरिदिन हुन।

# शिक्षक विद्यार्थी तथा अभिभावक आचार संहिता

## क) शिक्षकले पालना गर्नुपर्ने आचार संहिता

१. आफूलाई खटाएको ठाउँमा गई तोकिएको काम गर्नुपर्ने

२. विद्यालयको वार्षिक कार्ययोजनाका आधारमा कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने

३. सिकाई सहजीकरण कार्यक्रममा विद्यार्थीहरुको प्रभावकारी संलग्नता सुनिश्चित गर्ने

४. शैक्षिक सत्रको अवधिलाई ध्यानमा राखी पाठ्यक्रम कार्यान्वयन गर्न सिकाई क्रियाकलाप सम्बन्धी उपयुक्त ढाँचा, तरिका वा शिक्षण विधिहरु अवलम्वन गर्ने

५. सिकाइ सहजीकरण क्रियाकलापका लागि आवश्यक अभ्यास पुस्तिका विकास, शैक्षिक सामग्री निर्माण र प्रयोग गर्ने

६. विद्यार्थी तथा अभिभावकहरुलाई COVID-19 को स्वास्थ्य सुरक्षा मापदण्ड सम्बन्धमा जानकारी गराउने

७. सिकाइ केन्द्रमा विद्यार्थीहरुलाई सामाजिक तथा भौतिक दूरी कायम गरी बसाइ व्यवस्थापन गर्ने

८. सिकाइ केन्द्रमा विद्यार्थी तथा शिक्षकहरुका लागि हात धुने व्यवस्था मिलाउने

९. विद्यार्थी तथा शिक्षकहरुका लागि मास्कको व्यवस्था गरी अनिवार्य रुपमा प्रयोग गर्ने गराउने

१०. व्यक्तिगत सरसफाईमा ध्यान दिने र विद्यार्थीहरुलाई समेत व्यक्तिगत सरसफाइ गर्न सिकाउने

११. सिकाइका वैकल्पिक माध्यमहरुको प्रयोग गर्न विद्यार्थीहरुलाई प्रेरित गर्ने

१२. अभिभावकहरुलाई आफ्ना बालबालिकाहरुका लागि घरबाटै सुरक्षित र पोषक खानेकुराको व्यवस्थाका लागि जानकारी गराउने

१३. अभिभावकसंग निरन्तर सम्पर्कमा रही विद्यार्थीको सिकाइ सहजीकरण र अनुगमन

१४. विद्यार्थीहरुलाई स्वअध्ययन गर्ने बानीको विकास गर्न प्रेरित गर्ने

१५. विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ बमोजिमको भूमिका निर्वाह गर्ने गराउने ।

2077/5/12

नि.प्रमुख प्रशासकीय अधिकृत

ख) <u>विद्यार्थीले पालना गर्नुपर्ने आचार संहिता</u>

१. घर विद्यालय तथा अन्य स्थानमा निर्धारित भौतिक दूरी कायम गरी कार्य व्यवहार गर्ने

२. सफा र सुरक्षित मास्क प्रयोग गर्ने

३. आफ्नो व्यक्तिगत सरसफाइमा ध्यान दिने

४. बेलाबेलामा साबुनपानीले हात धुने वा सेनिटाइज गर्ने

५. शिक्षकले दिएका परियोजना कार्यहरु आफ्नो अभिभावकको सहयोगमा गर्ने

६. आफू सुरक्षित रही अरु साथीहरुलाई समेत सुरक्षित रहन प्रोत्साहित गर्ने

७. बाहिरको खानेकुराहरु नखाने तथा घरबाट पोषणयुक्त टिफिन र पानी लिएर सिकाइ केन्द्रमा जाने

८. सिकाइका लागि वैकल्पिक माध्यमहरु रेडियो टेलिभिजन बाट प्रसारण हुने सिकाइ कार्यक्रमहरुमा सहभागी हुने

९. स्वाध्यायन गर्ने बानीको विकास गर्ने

१०. नयाँ तथा पुराना पाठ्यपुस्तकको प्रयोग गरी पढ्ने र आफूभन्दा साना भाइ बहिनीहरुलाई सिकाउने

११. सिकाइ सहजीकरण कार्यक्रममा सक्रिय रुपमा सहभागी हुने

१२. विद्यालय वा बाहिर जहाँसुकै अनुशासनमा रहने

१३. शिक्षक तथा अभिभावकको आज्ञा पालन गर्ने

नि.प्रमुख प्रशासकीय अधिकृत

ग) **अभिभावकले पालना गर्नुपर्ने आचार संहिता**

१. आफ्ना बालबालिकाहरुलाई COVID-19 लगायत अन्य स्वास्थ्य सुरक्षा सम्बन्धी जानकारी गराउने

२. आफ्ना बालबालिकाहरुलाई जीवनोपयोगी परम्परागत तथा सामाजिक व्यवहारा कुशल सीपहरु सिक्न र सिकाउन उत्प्रेरित गर्ने

३. आफ्ना बालबालिकाहरुका लागि सुरक्षित र सफा मास्कको व्यवस्था मिलाउने

४. आफ्ना बालबालिकाहरुका लागि पोषक टिफिनको व्यवस्था गर्ने

५. आफ्ना बालबालिकाहरुको अध्ययन अध्यापनमा निरन्तर सहयोग गर्ने

६. बालबालिकाहरुलाई घर विद्‌यालय तथा सिकाइ केन्द्रमा समय समयमा हात धुने बानीको विकास गराउने

७. बालबालिकाहरुका लागि सिकाइ सामग्री र सिकाइ वातावरणको सुनिश्चितता गर्ने

८. वैकल्पिक सिकाइ माध्यम जस्तै एफ एम रेडियो टेलिभिजन बाट सिक्न प्रेरित गर्ने

९. आफ्ना बालबालिकाहरुले शिक्षण सिकाइमा गरिरहेको प्रगतिको सम्बन्धमा विद्‌यालयका प्र अ वा शिक्षकहरुलाई समयसमयमा जानकारी गराउने तथा आफ्ना बालबालिका निरन्तर रुपमा सिकाइ सहजीकरण कार्यक्रममा सहभागी भए नभएको बारे विद्‌यालयसंग निरन्तर सम्पर्कमा रही सूचना लिने र दिने

१०. समुदायमा सिकाइका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्न सक्रिय रहने

११. बालबालिकाहरुमा स्वअध्ययन गर्ने बानीको विकास गर्न सहयोग गर्ने

१२. आफ्ना बालबालिकाहरुलाई रुघाखोकी वा ज्वरो आएको भए निको नभएसम्म अरु बालबालिकाहरुबाट टाढा राख्ने वा सिकाइ केन्द्रमा नपठाउने

२०७७।६।१२

प्रमुख प्रशासकीय अधिकृत